


# SAKELA UBHAULI 2025

MIRIK – MAY 25, 2025

ORGANISED BY

**Central Committee, KKRSS**

**Akhil Kirat Rai Sangh Sikkim**

IN ASSOCIATION WITH

**Mirik Mahakuma Samity**



**विशेषांक: -साकेला मुन्दुम रिसिया, -साकेला सिलीहरु, -साकेला 2025 आर्थिक प्रतिवेदन**




सेवा सेवान्ने,

सधैं झैं यसपाली पनि केन्द्रिय समितिले साकेला उभौली 2025 भव्य रुपमा मनाउने निर्णय लिएको थियौं तर दार्जीलिङ्मा होइन, दार्जीलिङ पहाडको अन्य कुनै पनि ठाँउ मा मनाउनको निम्ति हामीलाई सुझाउ राखिएको थियो, त्यसैले केन्द्रिय समितिको मई 13 को कार्यकारिणी सभामा मिरिकमा आयोजना गरिने सर्वसम्मतिले निर्णय गरिएको थियो। दुई हप्ता भन्दा पनि कम समयमा यसपालिको साकेला उभौली 2025 मिरिकमा मनाउने तय भए पछि यसलाई कार्यवन गर्न युद्ध स्थरमा परिश्रम गरिएको थियो। केन्द्रीय समितिको निगरानीमा भएको भए पनि 90 प्रतिशत कार्य मिरिक महकुमा समितीले जिम्मा लिएको थियो त्यसैले मिरिक महकुमा समितिको सक्रिय भूमिकाले नै यसपालिको साकेला उभौली 2025 सफल भएको छ। यथासिग्र मिरिक साकेला उभौली पूजा समिति गठन गरि, श्री सि. के. राई लाई प्रमुख संयोजक को कार्यभार सुम्पिएको थियो। 14 वटा बिभिन्न समूहहरू तयार गरेर, मिरिक साकेला उभौली पूजा समितिले 25 मई को दिन मिरिकको आले खेल मैदानमा कुशलतापूर्वक कार्यान्वयन गरेको थियो। उक्त दिन पहाड तराईको सबै क्षेत्रहरु बाट संस्थानका सदस्यहरूको उपस्थिति थियो, साथ साथै सिक्किम, देहरादुन, मणिपुर, बिहार अनि काठमाडौं बाट पनि संस्थानको संस्थागत खम्बु राई अतिथिहरुको उपस्थिति थियो। यसपाली 2025 को साकेला उभौलीमा पनि सिक्किमका सम्माननीय मुख्य मन्त्री श्रीमान पी. एस. गोले स्वयंले उपस्थिति दिनुहुने निश्चित भएको भए पनि अन्तिम चरणमा उहाँको अपरिहार्य कार्यले गर्दा उपस्थिति दिनु सक्नु भएन, तर सिक्किमको माननीय मन्त्री भोजराज राई साथै माननीय विधायक कला राई ले, उहाँको प्रतिनिधित्व गर्नु भएको थियो। साकेला उभौली 2025 को मुख्य अतिथिको रूपमा जि. टि. ए. प्रमुख श्रीमान अनीत थापा हुनु हुन्थियो, साथै विशिष्ट अतिथिको रुपमा श्री एल बि राई, मिरिक नगरपालिका अध्यक्ष महोदयले पनि संस्थानलाई अनुग्रहित गर्नु भएको थियो। मुख्य अतिथिको रूपमा मन्तव्य पोख्दै, जी. टी. ए. प्रमुखको अभिव्यक्ति - सबैले आआफ्नो संस्कतिलाई जोगाड गर्नुपर्ने अनि समाजमा सबै धर्म संस्कृतिलाई सम्मान दिनुपर्ने आजको आवश्यकताको सुसन्देश दिनुभयो। सिक्किमको माननीय मन्त्री भोजराज राईले पनि साकेला को उपलक्षमा सबैलाई शुभकामना दिंदै खम्बु राईहरु जङ्गल को राजा सिंह जस्तै हुनुपर्ने अनि सबै क्षेत्रमा आत्मनिर्भर हुनुपर्ने मन्तव्य राख्नु भएको थियो।

2025 साकेला उभौली को उपलक्षमा 10 जाना प्रतिष्ठित खम्बु राईहरुलाई सम्बर्दना जनाएको थियो। संस्थानको सम्माननिय सदस्यहरू, श्री अरुण तामकुले, कालिम्पोङ; श्री बलराम राई, खरसाङ; क्याप्टेन एम बी राई, बागडोगरा; खम्बु बरिष्ट राईपाहरुलाई जी. टी. ए. प्रमुख श्री अनित थापा अनि माननीय मन्त्री भोजराज राई को बाहुलीबाट सम्बर्दना पत्र प्रदान गरिएको थियो। सिक्किम एस. टि. एन. हस्पिटलका प्रख्यात डाक्टरहरु डाक्टर भावना राई, डाक्टर आशिष राई, डाक्टर रोमी राई, डाक्टर हरिकिषण राई, डाक्टर अल्का राई, साथै अर्थशास्त्र डाक्टर असलेशा राई, गोरुबाथन; युवा फिल्म निर्देशक विवेक राई, खरसाङ; का प्रतिष्ठित व्यक्तित्वहरू लाई पनि साकेला उभौली 2025 को शुभ अवसरमा सम्बर्दना जनाएको थियो। श्री के. बि. वातर अनि गोक शाखा द्वारा खम्बु लोक गीत, बागडोगरा, हरसिङ, माने भञ्ज्याङ, मिरिक का शाखाहरु बाट खम्बु सिलीहरु प्रस्तुत गरिएको थियो। सोही अवसरमा खम्बु खानाहरु, कलाकृति, हस्तकला, आदिको पनि प्रदर्शनी थियो। मिरिक साकेला उभौली 2025 को मुख्य आकर्षण सविन राईको शानदार प्रदर्शन पनि थियो।

मिरिक महकुमा समितिको सहकार्यमा गरिएको साकेला उभौली 2025 भवयताकासाथ सम्पन्न भएको घोषणा श्री आर के राई मिरिक महकुमा समितिको अध्यक्षले कार्यक्रमको अन्तमा गर्नु भएको थियो।

यस साकेला उभौली 2025, एकदमै छोटो अवधिमा मिरिक मा हुने तय भएको थियो, तसर्थ, सबैमा निमन्त्रणा पुर्याउन असमर्थ भएको हुनाले केन्द्रीय समिति क्षमा प्राथी छ, साथै उपस्थित सबै सबै संस्थानका शाखाहरु, महकुमा, खण्ड अनि ग्राम पन्चायत समिति सदस्यहरु प्रति केन्द्रीय समितिले आभार प्रकट गर्दछ। साथै उपस्थित सबै मान्यजनहरु, प्रतिनिधि गणहरु, सबै जनसाधारणलाई केन्दीय समितिले हार्दिक कृतज्ञता व्यक्त गर्दछ।

बिशेष गरेर, दार्जीलिङ पहाडको परिवेशमा अझै पनि खम्बु राईहरु, खम्बु राई भन्दा, गोर्खा समुदाय भएर अधिक बाचेको छ, सायद खम्बु राईहरु बहुसंख्यक समुदाय भएर होला। त्यसैले आफ्नो खम्बु संस्कार र भाषा यस दार्जीलिङ पहाडी भेगमा घट्ने प्रक्रिया बढी छ, र आज यसैलाई नै जागरूकता र संरक्षणको निम्ति संस्थानले यस्ता कार्यक्रम गर्नु जरुरी भएको छ साथै युवा पिडी लाई आफ्नो संस्कार र संस्कृति प्रति प्रेरणा दिनुपर्ने दायित्व बढेर गएको छ। त्यसैले, केन्द्रिय समितिले यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने अनि खम्बु भाषा, संस्कार र संस्कृति प्रति केन्द्रिय समिति प्रतिबद्ध रहनेछ।

*उद्यान राई, महासचिव,*
*केन्द्रीय समिति, किराँती खम्बु राई सांस्कृतिक संस्थान।*



## उँभौली गर्नुको अर्थ

साकेला अन्तर्गत उँभौली चाड मनाउने परम्परा किरात खम्बू जातिहरूका लागि गौरवशाली अवसरको क्षण मानिन्छ । उँभौली औसतगरी स्थानअनुसार वैशाख पूर्णिमाको दिनदेखि दशमी तिथिसम्म र कतै औंसीसम्म सिली नाचेर मनाइन्छ । यसको मुख्य अभिप्रायः खेती लगाउने समय अर्थात् खाद्यान्न बाली लगाउन तयार हुनुपर्ने समयलाई जनाउँछ । सर्वाधिक उत्पादनको निम्ति भूमिप्रति श्रद्धा र आफ्ना पितृपुर्खाहरूबाट समेत वरदान माग्दै खेतीपाती गर्न र बालीनालीका लागि आवश्यक उच्चतम हावापानी, ताप, मौसम, वातावरण प्राप्ति गर्न प्रकृतिको पूजा-अर्चनामा तागेरा निङवाफुमाङ (सर्वशक्तिमान ईश्वर) सँग प्रार्थना गरिन्छ । समयअनुसार गर्मी मौसम पनि सुरु हुन्छ, ऋतु परिवर्तन क्रममा वसन्तको आगमन हुन्छ र मानिसहरू गाईवस्तु-भेडाबाखाका बथान बेंसीबाट लेकतिर सार्छन् । जंगली जनावर, पशुपन्क्षीहरू गर्मी स्थानबाट ठन्डा हावापानी भएको पहाडी स्थानतर्फ लाग्छन् । कऱ्याङकुरुङ जस्ता पन्क्षीहरू र खोला-नदीका माछाहरू गर्मीबाट बच्न उपयुक्त ठन्डा र शीतल उच्च स्थानतिर लाग्ने गर्छन् । वान्तवा भाषामा उँभौलीलाई “छिमालिम" पनि भनिन्छ ।

## उभौली पूजा किन गर्नु पर्दछ?

1. मौसम परिवर्तन गर्ने प्राकृतिक शक्तिको पूजा आराधना गर्नुपर्दछ। हेन्खामा (धर्ती) को पूजा गरिएन भने जमिनमा लगाएको अन्नबाली राम्रो फल्दैन। प्रकृतिलाई सम्मान र पूजा गरिएन भने मानिसहरूलाई फाप हुदैन अफाप हुन्छ भन्ने किरात समुदायमा मान्यता रहेको हुनाले उभौली पूजा गर्नुपर्दछ।

2. पितृदेवहरूलाई र प्रकृतिदेवलाई लगाएको अन्नबाली राम्रो होस्, रोग व्याधि नलागोस भनेर बिन्तीभाउ गर्ने, साम्खालाई आशिर्वाद माग्ने गरिन्छ।

3. प्रकृति र पितृहरूलाई नयाँ अन्नबाली राम्रो होस्, शुभ होस् भनेर पूजा, बिन्ती भाउ गर्नुपर्दछ।

4. अन्नबालीको बिरुवाहरू, अन्य बोटबिरुवाहरू स्वास्थ्य होस् भनेर धरतीलाई चोखाउन, गालीसराप पखाल्न।

*(नाोट : उभौली पूजा चन्द्रमा पूर्ण भएको समय वैशाख महिनाको छेकपारेर पूजा गरिन्छ ।)*

ठूलो पूजा गर्दा तीन दिनसम्म गरिन्छ । त्यो बेला ठूलो खालको हतियारहरू (जस्तै; कुटो, कोदालो, हलो ) नचलाउने, ठूलाठूला रुखमा नचढ्ने गरिन्छ। यो पूजाकार्य माङपा वा मुन्दुम गर्ने बुढापाका मुन्दुमीहरूलाई गर्न लगाइन्छ।

उभौली पूजा (धिरिनाम थ्योम) गरिसकेपछि साकेला/साकेन्वा सुरुआत गरिन्छ । साकेन्वा टोङकावा नछुङहरू भेला भएर ढोल झ्याम्टालाई सोलोन्वाबाट खतय खुइवा (अचाएर) चोखाएर बजाउन सुरु गरिन्छ।

अर्को दिन कुखुराको चल्ला काटेर साकेन्वाको पूजा गरिन्छ। माङ खिममा सबैभेला भएर, केन (ढोल) बजाएर, पानी परोस है भनेर प्रकृतिसँग प्रार्थना गर्ने।

पहिला पहिला भाले साकेन्वा भए भाले कुखुरा देखिने र पोथी साकेला/साकेन्वा भए पोथी कुखुरा देखिने गर्दथ्यो भन्ने भनाई रहेको छ।

बेछ्‌ - ginger (अदुवा), आरावा – rice (चामल), सोलोन्वा - bottlegrout (चिण्डो), वासिम - wine (चोखोजाँड)
*(नोटः जाँडको बदलामा (बब्खा) - yeast (मर्चा), वा - water (पानी) प्रयोग गरिन्छ । सबै जम्मा गरेर युपुङ उभौली पूजा (धिरिनाम थ्योम) गरिन्छ।*



## साकेला धिरिनाम थ्योम मुन्दुम रिसिया

आङ खाना हैखामा तुयाक्मा देवडुङमा
आलिसाकोना खाना आइ आमको हेन्खामालोङमा
थाक्तेनलोङमा सोहोनसेङमा लियाङ ओने
लाकछाम लुन्ने छामाराङ लुन्ने, सायाचोङने
लो ओङ आदिमो माङछा बुङमा कुरिबुङमा
चासुहाङमा चाम्लाहाङमा आइ आमको पुयुङ सेवा सेवा नपोयाङने।

### साकेला धिरिनाम पूजा गर्दा गाइने मुन्दुम रिसिया

यो धरती तिमी, हामी बसेको ठाउँ,
पृथ्वी माथिको देवता भयौ तिमीलाई आज पुकार गर्दै छौं,
हिजो जुठो गरेपनि आज यो ठाउँ, यो गाउँ चोख्याउँदै छौं है,
नाच्दै गीत गाउँदै, शीर उभ्याउँदै छौं,
आज देवताको पनि देवता पितृकुललाई,
घुङरिङ गाडेको साकोयुक्मा अन्नपातको माउ सह,
आज तिम्रो उभौली सेवा,
सेवा चढायौँ है।

### धिरिनाम साकेला थ्योम मुन्दुम रिसिया

खोले सुबुक आला, मापाकु आला
तोथोर्का बुलीखा, खोले पिष्थ्यो लिम्ने
दिबुखा लिम्ने, वालेखा लिम्ने
सुबोलिम्ने, मापा लिम्ने।

### साकेला धिरिनाम पूजा गर्दा बोलिने / गाइने मुन्दुम रिसिया

राम्रोसँग पानी परोस् है, ठिक्कको पानी झरी आवोस्,
पृथ्वी सबै रसियोस्, सबैतिर दुबो पलावोस्,
बिरुवाको हरियो मुना पलावोस्, कुवामा पानी पलावोस्,
पृथ्वीमा सबै हरियो होस्, संसार रसिलो होस्।

*(नोट: यति भनेर अदुवा र माछाले पूजा गर्ने।)*

### धिरिनाम साकेला थ्योम मुन्दुम रिसिया

आइदाङका धिरिनाम ता बैशाखेदामओ बयाङ,
खानानिय काकुबुङ चि, साङखामा चि हादिपुङ पुइसा,
पुसुङ पुइसा युङानिन्,
झारा छेम्बि पुइसा, खाबा पुइसा, खानानिन युङानिन्,
चुरिदाम, हिवुङदाम, वाहिदाम, चुङ्छुचुवा,
सोलैयादाम, ङाक्सिचुरुकदाम, वाताम्मा चा, पोदरी चा
चुङ्छुचुवा,
आइदाङका खानानियन आनका चाडयोमिचिया सिसुम तुम्मा
मानमुडानेउ।





### साकेला धिरिनाम पूजा गर्दा बोलिने / गाइने मुन्दुम रिसिया

अब उभौली लाग्यो है, समय फर्कियो।
तिमी कूलपित्रहरू हासिखुसी भएर,
राम्रोसँग आशिर्वाद दिएर बस्नु है।
तिमीले धन सम्पत्ति सबैको लागि आशिर्वाद दिएर बस्नु है।
चोयाको चुराहरू, घुङरिमको फुर्केहरू, कटुसको पातहरू सबै
राखिदिएको छौं है।
सोलैया, तुप्ला राखेको छौ,
अन्नबालीको सह राम्रो दिनु है।
आजदेखि तिम्रो नातिपनाती सँग दुःख मन नगर्नू है।

### धिरिनाम साकेला थ्योम मुन्दुम रिसिया

तमेत सुसुलु शेरलु, वातलु, छेकुमलु, तमालु, दाउलोलु, बखालु,
झारा तमे फलना पाछा प चुचुपिपी हाम्प सुसुलु थुप्सुलमेइ,
म हाताम्वे आस्तिनिमेइ,
आम्नुने छिरियामलो खुचुका, धिरियमलो हका,
आन्नी चुचाचु नाम्मेचुआ,
झारा चादुम पादुम ड्यापम्तिने लेत्तिने,
हुकङकु बेनी चादुम दुमो सिमुने,
चादुम साम्बेनी, खाबासाम्बेनी, बुलुसामबेनी,
आन्ने चुचाचु नमेचुय बाराथा बेनीमेइ फलना पाछा प चुचुपिपी
हाम्नौ।



**साकेला धिरिनाम पूजागर्दा बोलिने / गाइने मुन्दुम रिसिया**

तिमी कूलपित्रहरू सबै फलनापाछाको कोक्पा कोक्माहरूको,
तीन वटा थपना ढुङ्गा हो है,
के विषयमा भन्छौ होला है,
आज त पुरानो साल गएर नयाँ वर्ष आयो,
तिमीहरूको छोरा नाती बुहारीहरूले,
सबै तिम्रो छोरा बुहारीहरूले छर्छन् रोपछन्,
पानी पराइदेउ, अन्न धेरै फलाइदेउ,
अन्नको, पैसाको, सम्पत्तिको सहदेउ,
तिम्रो छोरा नाति बुहारीलाई आर्शिवाद देउ है, फलना पाछाको बाजे बजुहरू हौ।
*(नोट: घडीको उल्टो रूपमा तीनवटै चुलालाई अदुवा, आरखु, चामल खन्याउने सबैलाई बोलाउने।)*

**धिरिनाम साकेला थ्योम मुन्दुम रिसिया**

आस नाकीह दिलीह च्यौ।
धिरिनामदा दुङवासा, दुङदाब्दा ।
पाल्योना चाखै सामबो ङाकी के,
पाल्योना खाबा सामबो ङाकी के,
पाल्योना, बुलु सामबो ङाकी के ।
पाल्योना तया सामबो ङाकी के,
पाल्योना चासिम सामबो ङाकी के,
पाल्योना रुडरी सामबो ङाकी के,
पाल्योना निरुङ सामबो ङाकी के।
पाल्योना फलना मैचिनुङ, सामैमो चिखिम पुपुवादाका दुङवसा दुङदाब्दा, पाल्योना आस नाकीकह डिलीह च्यौ।
पाल्योना आस सिलिमीडो पमिडो,
सिलीमपा सिलिममाडो आस सिलीबो मुसा बतबो मुसा।
आस चाप्चासिली बर्पासिली, भिङ्गारासिली, ततिमी सिली मुसा रुडरीढोल फुङसा।
आस दायाहुईलुङ सित्तीलुङदाका उको खारात्यामबु यलमादा सिलीलपा सिलीमुसा यबैसुमका कौ।

**साकेला धिरिनाम पूजा गर्दा बोलिने / गाइने मुन्दुम रिसिया**

अब अन्नपानीको सृष्टिकर्ताहरू हौ,
उभौली समय सुरु भयो र उधौली समय सकियो,
भन्दाखेरिता, अन्नपानी को सहपो माग्दै छौ,
धन सम्पत्तिको सह पो माग्दै छौं,
भन्दाखेरिता ज्ञानको ज्योती पो माग्दैछौँ, समृद्धि पो माग्दैछौँ,
आयु वरदान पो माग्दैछौं, शुभ समयको माग्दैछौं,
भन्दाखेरिता फलना मैचिनुङ,
सामैको घरबाट सहकालको सृष्टिकर्ताहरू हो,
भन्दाखेरिता सिलिमी र पमीको साथमा सिलिकर्ताहरूसँग सिली गर्दै,
अब बाघको सिली, भालुको सिली, हात्तीको सिली, चराको सिली गर्दै, ढोल बजाउन खुला गर्दै छौं,
अब तीनचुलाबाट यो घर आँगनमा सिली नाच्दै सिली गर्दै बिन्ती गर्दैछौँ है।

***[स्रोत: किरात राई मुन्दुम - संस्कार रिसिया]***





**साकेला सिलीहरू:**

साकेला चाड मा नाचिने नाच लाई साकेला सिली भनिन्छ । यो नाच सार्वजानिक स्थलमा नाच्नका लागि कसैले प्रतिबन्ध लगाइँदैन । तर साकेला थान अर्थात् पूजास्थलमा भने किरात खम्बु बाहेक अन्य जातिको प्रवेश अपशकुन मानिन्छ । यो नाचमा सयौंजना मानिस एकै पंक्ति भई गोलाकार क्षेत्र बनाएर नाचिन्छ । नाचको एकजना नायक तथा नायिकाको इसारा र निर्देशनमा ढोल-झ्याम्टाको तालसुरमा नाच्दै विभिन्न चालहरू सिलसिलाबद्ध तरिकाले र नृत्यविधिहरू अपनाइन्छन् । सबै नाच्नेहरूले नाचको झलक र ताल एकै समयमा फेरबदल गर्दै नाचिने नाच नै सिली हो ।

खासगरी खम्बू जातिका भाषाहरू धेरै भएकोले सिली (नाच) को नायकलाई सिलीमुपा, कसैले सिलीहाङपा र कहीं सिलीमाङपा पनि भनिन्छ । त्यसै सिलीको प्रमुख नेतृ स्त्री छन् भने उनलाई कहीं सिलीमुमा त कहीं सिलीहाङमा कतै सिलीमाङमा पनि भनिन्छ । यस्ता सिलीहाङपा वा सिलीहाङमाले सिलीको प्रवाह सुरु गरेपछि नियमपूर्वक अन्त्य गरेरमात्र छाड्नुपर्छ भन्ने मान्यता छ त्यसो नगरिए अशुभमात्र होइन, भयंकर नराम्ररी अनिष्ट हुनजाने मानिन्छ । यसरी धेरैजना नाच्नेहरूबाट यो नाचको ताल र चाल एकै समयमा फेरबदल गर्दै लर्कोफर्को घुम्ने-फर्कने र सर्ने क्रम मिलाइ-मिलाइ यथाशीघ्र क्रमबद्धता निरन्तर चलिरहन्छ । जसले गर्दा यो नाच नाच्नुमा जति मज्जा र आनन्द हुन्छ, त्यति हेर्नुमा पनि आकर्षक र मनमोहक देखिन्छ । तैपनि यो सिलीलाई किरात खम्बूहरूबाट अरु थप आकर्षित बनाउन आधुनिक परिष्कृत शैलीहरू सिर्जना गरेर थप आकर्षण बनाउने प्रयास भने त्यति गरिएको पाइँदैन । पुराना र लोकभाकाकै आधार सबैले अपनाएको हुँदा किरात खम्बू संस्कृतिहरू प्राचीन प्रकारकै छन् भन्दा अन्यथा नहोला ।

सिली (नाच) मा खासगरी चलनचल्तीमा बढिरहेको मातृसिलीको रूपमा सिकी सिली र सुम्दी सिली रहेको पाइन्छ । यी दुवै पुराना र लोकसिली भए पनि सिलीहाङपा वा सिलीहाङमाद्वारा क्रमिक रूपमा केही नयाँ खाले सिलीहरू सिर्जना गरी सिलीलाई आकर्षक र मनमोहक दृश्य बनाउने काम भई रहेको छ। विभिन्न रंगका पहिरनमा पुरुषहरू दौरा-सुरुवाल, स्टकोट वा कोट र ढाकाटोपीमा ठाँटिएर नाच्छन् भने स्त्रीहरू आवश्यक पर्ने श्रृंगार र खम्बू गरगहना पहिरिएर चौबन्दी चोली, फरिया र पटुकी कसेर जोडतोडले नाच्ने गर्छन् । यो नाच महिला-पुरुष एकै पंक्तिमा गोलबद्ध भई नाचिने गरिन्छ । आजभोलि पेन्ट-सर्टमा पुरुषहरू र सारी-ब्लाउजमा महिलाहरू नाचे पनि खास साकेला सिलीमा लगाइने पहिरनलाई किराँत खम्बुहरुले आफ्नो पुरानो प्रचलनलाई नै मानिलिएको देखिन्छ। सुहाउँदो समयसापेक्ष विशेष पहिरनको परिकल्पना गरी आकर्षण पहिरनको व्यवस्था प्रचलनमा ल्याउने हो भने साकेला सिलीको ख्याति र सुन्दरता अरु अझ बढेर जाने थियो कि?

साकेला सिलीका सिलीहरू अनगिन्ती छन् । यसको गणितीय अंकमान गर्न एकदम कठिन छ । किनकि हरेक सिलीमा अनेकौं इकाई चरणहरू छन् । तैपनि अहिले सम्म चलनचल्तीमा पाइएका अनेकौं सिलीहरूलाई अन्दाजी पाँच भागमा वर्गीकरण गर्न सकिन्छ । ती हुन्:

**(क) युद्धकला तथा सिकार सम्बन्धी सिली**

स्वभावैले मानिस जाति सिकारी भएर जंगल-जंगल बस्नुपरेको थियो । बाँच्नका लागि अनेक युद्ध र संघर्षहरू गर्नुपरेको थियो । किरात खम्बू जाति पनि सिकार खेल्न र अनेक युद्ध गर्नमा पहिलेदेखि नै माहिर थिए । उनीहरू कथामा उल्लेख भएअनुसार पनि अत्यन्त शक्तिसिद्ध र कुशल लडाकुहरू थिए भन्ने पाइन्छ । तद्नुसार यस सिलीमा युद्ध सम्बन्धीका हातहतियार चलाउने कला र सिकार खेल्दाको विविध गतिविधिहरूलाई समेत सिलीमा उतारेर नाच्ने गर्छन् । तैपनि सिकार सम्बन्धीको क्रियाकलाप र हाउभाउ यस सिलीमा बढी गरिन्छ । चाम्लिङ भाषामा यस सिलीलाई 'आम्लामी सिली' भनिन्छ ।



**(ख) कृषि तथा अन्नबाली र वस्त्र सम्बन्धी सिली**

मानव जीवनमा आवश्यक पर्ने दैनिक उपभोग्य खाद्यवस्तुहरूको उत्पादनसम्बन्धी गतिविधिहरू यस सिलीमा प्रस्ट रूपमा झल्काइने गरिन्छ । जब मानिसले सिकारी युगको जीवन परिवेश पार गरे, तब उनीहरूले कृषि सम्बन्धीका ज्ञान र चेतनाको विकास गरे, अनि कृषि कार्यमा जुटे । कृषि कार्य अन्तर्गत धान रोपाइँ सम्बन्धीको चित्रण साकेला सिलीमा गरिन्छ । जस्तै- भष्मे फाँड्ने, धानको बीउ छर्ने, बीउ उखेल्ने, खेत हिलाउने, बाउसे गर्ने, बीउ रोप्ने, धान गोड्ने, काट्ने, काँधमा बोक्ने, धान झाँट्ने, कुनिउ बताउने, ढिकी कुटेको, निफनेको, खाना पकाएको, खाएको आदि अभिनय सिलीमा हुने गर्छ । यस सिलीलाई 'नियमा सिली' भनिन्छ ।

त्यसैगरी मानिसलाई गाँसबासको व्यवस्था गरेरमात्र भएन, कपासको पनि आवश्यकता पर्न थाल्यो । हुनसक्छ, यसपछि प्राचीन पुर्खाहरूले जंगलमा भेटिएका कपासका भुवाहरू भेला पारेर न्यानो ढाक्न जाने । एवंरितले अनेक अभ्यास र अनुभवहरूबाट कपास बटारेर बोरा जस्ता वस्त्रहरू बनाउँदै तानको विकास गरी विकसित वस्त्र लगाउन थाले, कपासको खेती पनि गर्न थाले । हो, यही घटनासित सम्बन्धित कपास खेती अन्तर्गत भष्मे फाँडेको, खनेको, बिरुवा रोपेको, रुवा-धागो कातेको, तान बनेको, लुगावस्त्र लगाएको आदिबारे हातको

हाउभाउ र खुट्टाको चाल मिलाएर सिली नाचिन्छ । चाम्लिङ भाषामा यस सिलीलाई "तयामी" सिली भनिन्छ ।

**(ग) पशुपन्क्षी तथा जीवजन्तु सम्बन्धी सिली**

खासगरी यस सिली अन्तर्गत मानिसहरू पशुपन्क्षीजन्य जीवहरूको हाउभाउ तथा नक्कल गरी साकेला नाच्छन् । यो सिली गरिँदा खुट्टा र हात दवैको भूमिका सिलीभित्र सक्रिय हुने गर्छ । पशुपन्क्षीहरू प्रकृतिको नियम र ऋतु बमोजिम आफ्नो जीवनको हरेक क्रियाकलाप गर्ने हुँदा यसै विशेषताबाट प्राचीन मानिसहरू कषि युगतिर प्रवेश गर्दा उँधौली र उँभौली गर्ने समयको जानकारी लिई कृषिसम्बन्धी कार्यविधिलाई बदल्ने गर्थे । यिनै वस्तुस्थितिहरूको ज्ञानबाट हुनसक्छ, किरात खम्बूहरूले पशुपन्क्षीहरूको चाल सिलीमा प्रस्तुत गर्दै आएको बुझिन्छ । नारावा (कर्याङ कुरुङ), कुखुरा, कल्चुँडा, मयूर, माछा, भैइवा चरी, चेन्चेक्वा, हरिण, मृग, बाघ र चितुवा आदिको हाउभाउ यस सिलीमा गरिन्छ ।



**(घ) जीवन पद्धति सम्बन्धी सिली**

यस सिली अन्तर्गत प्राचीन समयदेखि चलिआएको पुराना घटनाक्रमहरूको मूल्य र मर्महरूलाई निरन्तर चलनमा ल्याइएका र यो वर्तमान खम्बू समाजभित्र जीवन पद्धति बनेका मान्यताहरू हुन् । जस्तै- भूमि पूजाको सिली, चुल्हा पूजा गरिँदाको सिली, अन्नबाली पूजा गरिँदाको सिली, छोरीचेलीको विवाह सम्पन्न गरिँदा विधाइको सिली, बुहारी घरमा भित्र्याइँदाको सिली आदि ।

**(ङ) शृङगार तथा सौन्दर्यता सम्बन्धी सिली**

परिश्रम, मिहेनत र संघर्षमात्र होइन जीवन, जीवनको अर्को पाटो रमाइलो र शृङगारिक सौन्दर्यता पनि हो भन्ने पाठ यो सिलीमा पाइन्छ । यो सिली प्रचलनको विकास अन्य सिलीहरू सँगसँगै नभएर अलि पछि भएको हुनसक्छ । यस सिलीमा मानव स्वभाव र गुणहरूलाई प्रतिनिधित्व गर्दै विभिन्न हाउभाउ प्रस्ट पाराले गरिन्छ । यो पछिल्लो पुस्ताका पुर्खाहरूले सुरु गरी निरन्तर चल्दै आएको हो भन्न सकिन्छ । यस सिली अन्तर्गत कपाल कोरेको, ऐना हेरेको, फूल सिउरिएको, अन्य शृङगारपटार गरिएको हाउभाउ तथा अभिनय गरिन्छ । यस्ता खाले सिलीलाई चाम्लिङ भाषामा रमाइलोका लागि नक्कल-झक्कल गर्ने 'खमा सिली' भनिन्छ ।

उपयुक्त वगीकृत सिलीहरूको आधारमा के भन्न सकिन्छ भने साकेला सिली बाहिरी रूपमा हेरिने कनै रमाइलो र मनोरञ्जनका लागिमात्र नाचिने नाच होइन । यसभित्र प्राचीन मानव विकासक्रममा भएका व्यावहारिक घटनाहरू जस्ताको तस्तै चित्रण गरी नाचिने अभिनयको गहिरो अर्थ थुप्रै छन् भने मानवीय प्रारम्भिक सभ्यता कसरी विकसित हुँदै आयो भन्ने वैज्ञानिक दृष्टिकोण यो संस्कृतिमा पाइने अर्को महत्त्वपूर्ण पक्ष हो । जस्तै- सिकारी अवस्थाको कालमा सिकार कसरी खेलिन्छ भन्नेदेखि कषि युगमा कसरी धानखेती गरियो, खान र बस्नमात्र होइन, लाउन पनि आवश्यकता देखियो, यसका लागि कसरी कपासखेती गरी तानमा कपडा बुन्ने र लाउने व्यावहारिक पक्षहरू झल्काउने सिलीहरु छन् । यस्ता सिलीभित्र उपसिली तथा सहायक सिलीहरू धेरै प्रकारका हुन्छन् । सबै सिलीहरूका आफ्नै मौलिक नामहरू पनि छन् । ती सबै सिलीहरू संकलन गरेर यहाँ राख्न सकिएन । जति पनि भेटिएका र प्रकाशमा आएका सिलीहरू निम्न अनुसारका छन् ।

**नायिमा सिली :** यो सिलीलाई मातृसिलीको रूपमा लिन सकिन्छ । किनकि खम्बू लोकोक्ति अनुसार, नायिमाले यो सिलीका साथ ढोल- झ्याम्टा खम्बूहरूका आदिम पुर्खालाई दिई जीवनचर्याको बाटो देखाई आशिर्वाद दिएका थिए । तद्नुरूप साकेला सिलीको उत्पत्ति भएको कथन पाइन्छ ।

**सुम्दी सिली :** यस सिलीभित्र धानको बीउ छर्ने, रोप्ने, गोड्ने, काट्ने, झाँट्ने, बत्ताउने, नाप्ने र थन्काउने आदि क्रियाकलापहरूका अभिनय तथा चाल प्रकट गरिन्छ ।

**सिकी सिली :** कपास रोप्ने, टिप्ने, धागो काल्ने, पिउरी पार्ने, तान लगाउने, कपडा बुन्ने आदि अभिनय संकेत प्रकट गरिन्छ ।

**नाकिमा सिली :** साकेला थान (भूमि पूजास्थल) मा प्रवेश गर्नुअघि नाक्छुङहरुले शक्ति वृद्धि गर्न अपनाउने सिली ।

यस्ता सिलीहरू विभिन्न प्रसंग, घटनाविशेष, सन्दर्भ अनुसारका थुप्रै हुन्छन् र तिनीहरूका आ-आफ्नै फरक-फरक विशेषता पनि छन् । धेरै मौलिक सिलीहरू निरन्तरताको कमीले लोप भइसकेका पनि छन् । तैपनि भौगोलिक क्षेत्राधार र भाषाको आधारमा वर्गीकृत भई हालसम्म प्रचलनमा रहिरहेका संकलित सिलीहरूलाई निम्न बमोजिम उल्लेख गरिएका छन् :

**हतुवाली सिलीहरू - भोजपुर जिल्लाको दक्षिणी भाग**

| | |
|---|---|
| माङछामा सिली | ताङतुम्मी सिली |
| छोङवालाक | किप्पाला (मुक्कातान) |
| लोङलेन्चिप | लोकभाछोक्मा |
| ताङवाघोङमा (नारोक्वा) | किया डाम्फाक |
| बेरावा (सित्मङ) | खस्साचान |
| दोङदिकिप्मा चासुमकोप्मा (भित्री-बाहिरी अशुभ हटाउनु) | वापालाक |
| पारुलाक - रोहोमपारा, दितेनीपारा | सुम्वाक रिपरिप |
| चानुक्मा | लाङफान्मा |
| चाथोमा | होड्योङपा |
| कोङ्क्षोकचाफाक | खुक्वा (लोप भएको) |
| राक्दुङ/सुन्मुपारु (नया सिली) | |

**दिल्पाली सिलीहरू - भोजपुर जिल्लाको उत्तरी भाग**

**क) चासुमा/चासुम (सुम्धी सिली)**

यस अन्तर्गत भष्मे फाँड्ने, खन्ने, बीउ छर्ने, गोड्ने, उखेल्ने, खेत खन्ने, आली लगाउने, फेउरी लगाउने, बीउ रोप्ने, गोड्ने, धान काट्ने, पाजा उठाउने, पाँजा बोक्ने, धान झाँट्ने, बत्ताउने, भर्ने-नाप्ने, बोकेर भकारी थन्क्याउने, कुट्ने, निफन्ने आदि

**ख) नारावा (कऱ्याङकुरुङ) सिली :**

यस सिली अन्तर्गत गुँड लगाउने, अन्डा पार्ने, अन्डा कोरल्ने, बच्चा उड्न प्रयास गर्ने, चिलको आक्रमण ख्याल गर्ने, चिलबाट जोगिने आदि ।

**ग) सुम्निमा सिली :**

भष्मे फाँड्ने, खन्ने, बीउ राख्ने, गोड्ने, कपास टिप्ने, कपास धनुले फट्कार्ने, चर्खामा काट्ने, धागो पोल लगाउने, किला गाड्ने, तान लगाउने, तान उठाउने क्रियाकलापको हाउभाउ ।

**घ) तायामा, खियामा र सिकी सिली :**

तान बन्ने, भाइको मृत्यु शोकमा रुने, भाइलाई पर्ने, भाइको चिहान हेर्ने, दिदी-बहिनी छुट्टिने सल्लाह गर्ने, चिनो साट्ने, पन्क्षी भएर दिदी-बहिनी हिमाल र तराईतिर बाँडिने आदि ।

**किरात कोइँच (सुनुवार/मुखिया) स्याँदर गरिँदा प्रचलित सिलीहरू :**

| | |
|---|---|
| कास (दुम्सी) | पिदार |
| चिकाम | किल्लो (कल्चुडा चरो) |
| धोबिनी चरो | चुर्मु |
| सरो धोबिनी | दुमा |
| राँगा दोःतेक | बुल्फे |
| सुःरो चोःतेक | सालक |
| जसी ब्डकुम | लाँका दुले आमदुले ग्डुम्तेक सिल |
| हा-हा हाँसल | दुमो हेःतेक |

**चामलिङ सिलीहरू :**

| | |
|---|---|
| पारोहाङ / पारु | लभेजुका |
| नायिमा | कावा |
| मछामा | कुकारा |
| हंछा | उमलमा |
| खोक्चोलिपा | लामफमा |
| चारी | एमा |
| तुवा | बुइमा |
| सनारी तनारी | कुपामा |
| मोधिमा | खासिमा |
| थुङमा | तायामा, खियामा |
| खुउलमा | वम्लती |
| लात्तिखा | सिकारी |
| चासिमी | स्यामुना |
| ताकफेला | वापा |
| चाया | परेवा |
| व्यार्पालाक | शृङगार |
| दमा | बेसारो |
| पिरा | ताली |
| ततिमी | साकेला |
| तावा | खमा |
| वेरुवा | |

**पुमा सिलीहरू :**

| | |
|---|---|
| सुम्नि | -पितृपूजा गर्ने, आकाश ढोग्ने |
| ङासा (माछा) | -मनोरञ्जन सँग सम्बन्धित |
| नारावा सिली | -ऋतु परिवर्तन सँग सम्बन्धित |
| वापा (भाले) | -बूढाहाङ सँग सम्बन्धित फूलको माध्यमबाट निनाम्मा पुज्ने |
| फाक्लेवा | -उधिन्ने, सिकार खेल्ने |
| चासुम | -खेतीपातीसँग सम्बन्धित हाउभाउ |
| तावामा खिवामा | -माइती-चेलीको सम्बन्ध |

**थुलुङ सिलीहरू :**

| | |
|---|---|
| मोर्मोहिमु | -थान प्रवेश गर्दा भूतप्रेत तर्साउँदै हटाउने सिली |
| सुबु (भूमे) | |
| डार्मा (कच्छर काट्ने) | |
| सिके | -चराचरुङ्गी सम्बन्धी |
| सिकिदाङमा | -कपडा बुन्ने |
| खारी | -खेतीपाती लाउने कोदो सँग सम्बन्धित |

१. ङाकुवा - कऱ्याङकुरुङ
२. चासले हिम - भष्मे फाँड्ने
३. बुजेम - झारपात बटुल्ने
४. मुखुनुम - आगो पार्ने
५. चास्ले चामु - आगो लगाउने
६. ब्रलजिन्मु - बीउ छर्ने
७. ब्रोलबुल्मु - बीउ उखेल्नु
८. रोपाख्लिम - बीउ रोप्ने
९. म्रब्रोल्मु - गोडमेल गर्ने
१०. लिसरेहमु - टिप्ने
११. लिसरेदौमु - कुट्ने
१२. चेल्मु - केलाउने
१३. ड्युखोमु - जाड पकाउने
१४. ड्युलिमु - जाड बनाउनका लागि बफाउनु
१५. दिहोल्मु - घैटोमा जाड हाल्नु
१६. बोम्दा दि भरेबोमु (फिमु) - जाड बनाएर चिन्डोमा भर्ने
१७. ड्युरमु - जाड पितृलाई चढाउने

**धान सम्बन्धी सिली :**

१. ङाकुवा (कऱ्याङकुरुङ)
२. चासले हिम - भष्मे फाँड्ने
३. बुजेम - झारपात बटुल्ने
४. मुखुनुम - आगो पार्ने
५. चास्ले चामु - आगो लगाउने
६. ब्रलजिन्मु - बीउ छर्ने
७. ब्रोलबुल्मु - बीउ उखेल्ने
८. रोपाख्लिम - बीउ रोप्ने
९. म्रब्रोल्मु - गोडमेल गर्ने
१०. रेसेप्मा हिमु - धान काट्ने
११. रेसेप्मा थेमु - धान झाँट्ने
१२. मामाचिनी रेम्बोमा - चामल पितृलाई चढाउने

**दुमी सिलीहरू :**
१. इगंखुली वा योङखुली - आगनमा नाच्ने
२. सेवा
३. निमन्त्रणा
४. हर (झ्याम्टा)

**५. चादुम**
(क) भष्मे फाड्ने
(ख) चकमक पार्ने
(ग) खन्ने
(घ) पानी माग्ने (कुङ्क)
(ङ) रुरु (बीउ छर्ने)
(च) धान गोड्ने
(छ) बीउ उखेल्ने (ज) बीउ मुठा पार्ने
(झ) बीउ रोप्ने (ञ) (पुमा) फूल टिप्ने
(ट) फूल टिपेर सुम्ने, सिउरिने
(ठ) बजार जाने
(ड) धान काट्ने, पाँजा लगाउने
(ढ) पाँजा उठाउने
(त) धान भर्ने
(ण) धान झाँट्ने
(थ) धान कुट्ने
(ध) खाना खुवाउने
(द) खाना बनाउने
(न) भूमि ढोग्ने
(प) सेवा



**६. सिकिपरी/सिकेमाके / तमोखेमा (तायामा, खियामा) सिलीहरू :**
(क) भष्मे फाँड्ने (ख) चकमक पार्ने
(ग) खन्ने (घ) पारुहाङलाई बीउ माग्ने
(ङ) बीउ छर्ने (च) बीउ गोड्ने
(छ) कपास टिप्ने (ज) कपास फट्कार्ने
(झ) रुई तान्ने (ञ) तान लगाउने
(ट) कपडा बुन्ने (ठ) कपडा नापने, च्यात्ने
(ड) फेटा बाध्ने (ढ) भूमि ढोग्ने
(ण) सेवा

**७. सिल्पु (चराचुरुङ्गी)**
(क) माउसुली (कल्चुरा) (ख) नाखेर (कऱ्याङकुरुङ)
(ग) दिली पोप्पो (लाटोकोसेरो) (घ) कुपी ए
(ङ) बक्सेन्दु (हरियो चरो) (च) धपी (खोलातिर पाउने तारे चरा)
(छ) घर्तुम (परेवा) (ज) केक्का ( बेसारे)
(झ) कर्चम (कलकले चरा)

**८. जन्तुजनावर**
(क) डायी (माछा) (ख) बख (चेफा)
(ग) चाप्चा (बाघ) (घ) नक्सु / धाम्रोमु / खिसाबु (बाँदर)
(ङ) कोक्चे (छेपारो) (च) सुप्पु (फट्याङ्ग्रा)
(छ) बोक्चम - पखेटा छोटा हुने फट्याङ्ग्रालाई धागोले बाँधेर उडाउनु
(ज) नाम्दिरिपु - हरियो पखेटावाला फट्याङग्रालाई धागोले बाँधेर उडाउनु ।

**९. लिफु (धनुकाड चलाउने)**

**१०. तङखी (कपाल कोर्ने)**

**कोयु सिलीहरू :**
**१. चासुम सिली**
(क) खरदुवा - भष्मे फाड्ने
(ख) स सिपा हाइम - चकमक पारी आगो लगाउने
(ग) कःअमु - खन्ने-जोत्ने
(घ) डेप्मु - बीउ छर्ने
(ङ) रुरु धेल्मु - बीउ उखेल्ने
(च) लुजम लेमु - बीउ सार्ने-रोप्ने काम
(छ) रुरु रोमु - गोड्ने
(ज) लुजम धमु - कोदो पाकेको
(झ) ह्यमु - कोदो टिप्दै थुन्सेमा राखिएको
(ञ) लन्दु भुसुसे - कोदो सुकाउने
(ट) धका - कोदोको दाना झार्नु
(ठ) खप्का - निफन्ने
(ड) गेडा मुसे - गेडा छुट्याउने
(ढ) फुल्युकु/युप - जाँतोमा पिँध्ने
(ण) थुवाथुल - ढिँडो मस्काउने
(त) जिका - खाने

**२. खबासी/सिकिरी सिली (कपडा बुन्ने सिली)**
(क) खरदुवा (ख) स सिपा हाइमु
(ग) कअमु (घ) डेप्मु
(ङ) रुरु (च) थुत्का - कपास फट्कार्ने र रुई तान्ने
(छ) धो दिप्का - तान लगाउने
(ज) फुप्का - तान उठाउने
(झ) तन्केम्का - तान बुन्नलाई तन्काउने
(ञ) पजेम्का - तान खुम्चेको फिँजाउने
(ट) खिका - तान कोर्ने
(ठ) डे-डे - नाग टिप्ने
(ड) भिका – बुन्ने
(ढ) चेत्कामा - तान सिध्याएपछि च्याप्ने

३. मौवा - कल्चुडा
४. खिस्सा - मृग
५. हावा - हावा चरा
६. याङ - माछा
७. तोको - पाहा
८. सेङकेसा - पशुपन्क्षी
९. हादिबो - दुम्सी / धर्तीमा पस्ने जनावर

*[उपर्युक्त संकलित सबै सिलीहरू "साकेन्वा" बाट साभार गरिएको हो ।]*

**सिलीलाकको उद्घाटन**

साकेलामा नाचिने नृत्यलाई साकेला सिलीलाक पनि भन्ने गरिन्छ। सिलीको औपचारिक थालनी वैशाखे पूर्णिमाको दिन कतै गरिन्छ भने कतै पञ्चमी तिथिबाट सुरु हुन्छ । खासगरी सिलीलाक भनेको औपचारिक रूपमा नाकछोङले सिधिविधि पूरा गरेपछि नाच्न जान्न सक्नेहरू किरात खम्बू जातिका मानिसले मात्र सिली नाच्न पाउने यथार्थलाई जनाउँछ । यो साकेला सिलीलाक गरिँदाको बखत अलिक संवेदन र गम्भीर क्षण हो भन्ने बुझिन्छ । किनकि ढोल-झ्याम्टाको तालमा नाच्न जान्ने सबै उमेरका खम्बूहरू अनिवार्य रूपमा सिलीको सार, शैली, चाल एकअर्कामा आ-आफ्नो हातखुट्टा चाल्नेदेखि ज्यानलाई घुमाउने-फर्काउने सिलसिला एकदम मिलाएर थेल्लुङ (नाच्ने स्थान वा चउर) मा नाच्नुपर्छ । नाच्न नजान्ने खम्बूहरूले यहाँ नाच्न पाउँदैनन् भने अन्य जातिले उक्त स्थान प्रवेश गर्न, ढोल-झ्याम्टा छुन र नाच्नसमेत मिल्दैन । भोजपुर जिल्लाको कुनै-कुनै स्थान जस्तै- हतुवा र आम्चोकतिर त किरात खम्बू नै भए पनि यदि ऊ सुक्सङमी धामी (असामान्य तवरले मृत्यु भएका मृतात्माहरूलाई बाटो लगाउने धामी) छ भने पनि यो बखत ऊ नाच्न पाउन सक्दैन ।

औपचारिक रूपमा साकेला सिलीलाक सुरु गरिने यस दिनलाई बान्तावा खम्बूहरू हेन्कुबुङ पूजा गर्ने दिन भन्छन् । तर प्रायः गाउँका किशोर-किशोरीहरू, तन्नेरी युवायुवतीहरूका रहर-इच्छा वर्ष दिनपछि बल्लबल्ल आएको खुसियाली र उत्सवको साकेला सिली नाच चाँडै सुरु होस् भन्ने मनसायलाई ध्यान दिँदै हेन्कुबुङ स्थलमा औपचारिक उद्घाटन नगरी नाक्छोङले साकेला सिलीका लागि विधि फुकाइदिने चलन छ । यसो गर्नुको तात्पर्य नाच्न नजान्नेहरूका लागि सिलीको तालिम प्रदान गर्नु र नयाँ पुस्तालाई साकेला सिलीको अर्थ र महत्त्व बुझाउनुका साथै प्रभाव पार्नु पनि हो ।

यसरी सिलीलाक औपचारिक उद्घाटन विशेष तोकिएको दिन गर्नुभन्दा अगाडि कुनै निश्चित स्थानमा गाउँका मानिस भेला भई बाजागाजासाथ सिली नाच्ने गरिए पनि हेन्कुबुङमा नाक्छोङले पूजा गरेपछि औपचारिक सिली नाच गरिन्छ। बान्तावा भाषामा हेन्कुबुङ भनेको साकेलाथान हो । साकेला सिली औपचारिक उद्घाटनको दिन हेन्कुबुङमा सरसफाइ गरी साजसज्जा गरिन्छ । उक्त तोकिएको दिन नाक्छोङ ठूलो जमात र समूह लिई ढोल-झ्याम्टा बाजागाजासाथ फूलमाला अक्षता तथा अन्य आवश्यक सामग्रीहरू तयार गरी हेन्कुबुङथान वरिपरि सबैले तीन फन्को घुमेर हेन्कुबुङको अगाडि प्रवेश गर्छन्, अनि साकेला पूजा सुरु हुन्छ । जब साकेला हेन्कुबुङमा पूजा सुरु हुन्छ, गाउँभरिका घर-घरबाट ल्याइएका साम्खा कोक अन्नबालीका बोटबिरुवा आदि सामासर्दम (सामग्री) हरू हेन्कुबुङलाई चढाउँदै साकेलासँग "स्थानीय गाउँघर लगायत गाउँवासी सबैको सुखशान्ति कल्याण होस्, दैविक प्रकोपजस्तो कहालीलाग्दो आपत्-विपत् र रोगव्याधिको महामारी यस आइनलागोस्, सहकालले भरिपूर्ण होस्, समृद्ध जीवनयापन हामी गाउँका सबै वासिन्दाहरूले उपभोग गर्न पाऊँ, सारा संसारले मन पराउने-मान्ने हाम्रो गाउँघर, हाम्रो समाज, हाम्रो भूमि सधैं प्रकृति गुणले सम्पन्न, हराभरा होस्, जंगल, जरुवा (पानीको मूल) नसुकोस्, बगुवा सदैव छङछङ गरिरहोस्, घामपानी, बादल, मौसमले सदा साथ दिउन्" भनी नाक्छोङले अर्चाउने काम गर्छन् ।

यसरी साकेला पूजाकार्य सम्पन्न गरिँदा नाक्छोङले हेन्कुबुङमा कुखुराको भाले, बाग (सुँगुर) को पाठा आदि काटेर बलि दिने चलन छ । यसको मुख्य उद्देश्य साकेलालाई बढी खुसी पार्नु र सन्तुष्ट तुल्याउनु हो । केही दशक अगाडि सम्म खम्बूवान (माझ किरात) का खम्बूहरू साकेलामा बहर गोरुसमेत बलि चढाउने गर्थे । मुलुकी ऐन लागू हुनुभन्दा अगाडि किरात खम्बूहरू गाईगोरुको मासु सेवन प्रशस्तै गर्थे । पछिपछि गाईगोरुको मासु खाएबापत उनीहरूले सरकारलाई छुट्टै रकम कर (Tax) को रूपमा प्रतिवर्ष बुझाउनुपर्ने नियम पनि थियो । पछि यो चलनलाई मुलुकी ऐन अन्तर्गत नै निषेध गरियो । साकेलामा मानिसहरूले पारिवारिक तथा व्यक्तिगत भाकल बमोजिम ल्याइएका कुखुराका भालेहरूको पनि बलि दिइन्छ । उक्त पूजा गर्नुको उद्देश्य पनि परिवार तथा व्यक्तिगत जीवनमा सुखशान्तिका लागि साकेलासँग बल, शक्ति, जुक्ति, उपाय, बुद्धि र ज्ञान माग गर्नु रहेको हुन्छ । अन्त्यमा, नाक्छोङले आगामी समयमा गाउँघरको स्थिति, अन्नपात, हावापानी आदिबारे भविष्यवाणी गर्छन् ।

साकेला पूजा र सिली वैशाखमा र मंसिर महिनामा गरिन्छ । साकेला सिलीको औपचारिक दिन अथवा साकेला पूजाको उपलक्ष्यमा गाउँघरका सबै मानिस बिहानैदेखि नयाँ-नयाँ पहिरनमा सिंगारपटार र गरगहनामा ठाँटिएर ढोल-झ्याम्टासाथ हेन्कुबुङ नजिक सिली नाच्न भेला हुन्छन् । यसका साथै आफ्ना नातागोतासित भेटघाट गरी खुसी र उमंगका क्षणहरू एकआपसमा बाँड्न पनि खम्बूहरू सहभागी भएका हुन्छन् । साकेला सिलीलाकको उद्घाटन नाक्छुङले गरेपछि जनसाधारणबाट पनि औपचारिक नृत्य सुरु गरिन्छ । सिलीलाक सिलीहाङपा र सिलीहाङमाले निर्देशकीय अगुवाइ गर्दै सार्वजनिक रूपमा नाच्ने स्थलमा सबैजना नर्तकहरूलाई गोलाकार बनाएर ढोल-झ्याम्टाको ताल र सिली गीतको लयमा साकेला सिलीलाक बडो उत्कर्ष ढंगले नाच्छन् । माथि चर्चा गरिएका विभिन्न लोकसिलीहरू तथा परिमार्जित सिलीहरू सिलीमा प्रयोग गरिन्छ । त्यसपछि सिली नाच्नेहरू गाउँटोलका घर-घरमा साकेला सिली नाच्न पस्छन् । त्यस्ता सिली समूहले नियमित रूपले प्रत्येक घरमा गएर सिली नाच्नु अनिवार्य हुन्छ।



**साकेला सिलीका लागि चाहिने व्यक्ति र सामग्रीहरू :**

**समय** - वैशाख पूर्णिमादेखि १५ दिनसम्म उँभौली र मंसिरे पूर्णिमादेखि सात दिनसम्म उँधौली ।

**नाक्छुङ** - उभौली मनाउने समयमा साकेला स्थानको खुवालुङ परिस्थलमा विधिपूर्वक पूजा-आर्चना गर्ने जो स्वप्न विवेक र दैविक शक्तिद्वारा चुनिएको भनेर सबै स्थानीयवासीहरूले विश्वास गरेको व्यक्ति ।

**सिलीहाङ्पा** - नाचको शैली फेरबदल गरी सबैलाई त्यही गर्न लगाउने पुरुष सिली प्रमुख ।

**सिलीहाङ्मा** - शैली र चाल फेरबदल गरी सबैलाई त्यही गर्न लगाउने महिला सिली प्रमुख ।

**मानिस** - सिली नाच्न मनपराउने समूह जति भए पनि ।

**लिंगो** - आकर्षक किसिमले बनाइएको मियो, जसलाई गोलबद्ध भई सिली नाच्न बीचमा गाडिन्छ ।

**ढोल** - मादलजस्तो दायाँ-बायाँ दुवैतिर गोरु वा गाईको छालाले मोडेर बनाइएको वाद्यवादन वा बाजा ।

**गजा** - ढोल बजाउन प्रयोग गरिने काठबाट बनेको दुईवटा हल्का, छोटो लठ्ठी

**झ्याम्टा** - काँसा, तामा र पित्तल (मिश्रण) को धातुबाट बनेको थाली आकारको वस्तुहरू जसलाई दुवै हातमा एक-एकवटा राखेर एकअर्को बीच झ्याम्म झ्याम्म जुधाएर बजाइने सामग्री ।

**सिर्लिङ** - बिंड भएको स्टिलको पातामा अनेकौं मुन्द्राहरू झुन्ड्याएर बनाइएका लाम्चो भाला आकारको बाजा ।

**चमर** - सेतो वा कालो झ्याप्प परेको चौंरीको पुच्छर ।

**सेउली** - सेउलीको रूपमा सिमली तथा कटुसको सानो हरियो झुपुक्क परेको डाली जसलाई हातमा राखेर हल्लाउँदै सिली गरिन्छ ।

**सिली गीत** - साकेला लयमा गाइने सइसोइला हो सइसोइला, ऐनिबरी लैलै कुर्रा हाहा, आइया बरी लैलै कुर्रा हाहा, सेमुना-स्यामुना लगायत वाहुरे-वाहुरे आदि शब्दहरू गीतको अन्त्यमा गाउने प्रचलन।

***[ स्रोत: किरात खम्बु जातिको साकेला, संस्कृति र सभ्यता ]***

| TOTAL DONATION COLLECTIONS FROM SAKHAS: | | |
|---|---|---|
| **S. NO.** | **SAKHAS NAME** | **AMOUNT** |
| 1 | Tukdah 2nd Division Sakhha | 2,500 |
| 2 | Arya Sakha | 2,450 |
| 3 | Lower Ging kafabari Sakha | 2,500 |
| 4 | Singla Sakha | 3,000 |
| 5 | Maney Bhanjyng Sakha | 1,500 |
| 6 | Dhooria Badamtam Jumla sakha | 1,200 |
| 7 | Dawaipani Busty Sakha | 2,000 |
| 8 | Rangbhang GP Samity Sakha | 2,500 |
| 9 | Dooteria Mansi Gaon Sakha | 2,500 |
| 10 | K.K.S.S P.H/Ging Sakha | 3,000 |
| 11 | Harsing Sakha | 5,201 |
| 12 | Soom 1st Division Dhansher Dhura Sakha | 3,000 |
| 13 | Lower Singtam Sakha | 2,000 |
| 14 | Aloobari Phulbari Sakha | 1,500 |
| 15 | Ward No 23 Sakha | 6,390 |
| 16 | Sepi Sakha Rimbick | 1,100 |
| 17 | Ghoom Sakha | 3,000 |
| 18 | Rampure Khasmal Forest Busty Sakha | 2,000 |
| 19 | Takhdah 9 No. Sakha | 1,600 |
| 20 | Tungsung Sakha | 2,000 |
| 21 | Labdah Busty (Mangpoo) | 2,050 |
| 22 | Pussimbing Sakha | 7,176 |
| 23 | Sonada Sakha | 6,700 |
| 24 | Miling Sakha | 5,937 |
| 25 | Poosenbeeng Kothi Dhura | 1,800 |
| 26 | Toongsoong Sakha | 6,500 |
| 27 | Rajbari Kakjhora Sakha | 6,800 |
| 28 | Upper Dhootria Sakha | 1,730 |
| 29 | Kurseong Sub Division | 7,371 |
| 30 | Seresay Sakha | 1,450 |
| 31 | Tukver 1st Division Sakha | 7,380 |
| 32 | Takdah Middle Sakha | 2,000 |
| 33 | Pussimbing Minju Sakha | 1,000 |
| 34 | Alubari Jangal Busty Sakha | 3,820 |
| 35 | Dhojbir Dhura (Dali) | 3,400 |
| 36 | Rangli R.R Block | 5,560 |
| | | |
| | **TOTAL:** | **1,21,615** |

**ACCOUNT OF SAKELA UBHAULI 2025:**

| **INCOME** | | | **EXPENDITURE** | | |
|---|---|---|---|---|---|
| **S. No.** | **Particulars** | **Amount** | **S. No.** | **Particulars** | **Amount** |
| 1 | External Collections | 30,00,000.00 | 1 | Venue branding, Stalls & Stage | 14,00,000.00 |
| 2 | Internal Collections | 5,00,000.00 | 2 | Mirik Mahakuma Samity expenses | 4,83,520.00 |
| 3 | Donation by Guest of Honour | 1,00,000.00 | 3 | Stationary, Byatibung, Flags etc. | 1,65,912.00 |
| 4 | Donation from Guest | 50,000.00 | 4 | Mementos for all participants including VIP | 2,19,800.00 |
| 5 | KKRSS Members collections | 1,21,615.00 | 5 | VIP Gifts expenses | 1,45,500.00 |
| | | | 6 | Mirik field Expenses - Sounds, Sayachongma | 1,20,720.00 |
| | | | 7 | Total Hotel expenses | 52,500.00 |
| | | | 8 | Total Vehicles charges | 1,61,800.00 |
| | | | 9 | VVIP & VIP foods | 1,70,000.00 |
| | | | 10 | Media Expenses | 65,500.00 |
| | | | | | |
| | | | | Cash in Hand | **19,883.00** |
| | | | | Cash in Bank | **7,66,480.00** |
| | **TOTAL:** | **37,71,615.00** | | **TOTAL:** | **37,71,615.00** |

# PHOTO FEATURE: Sakela Ubhauli 2025 (Mirik)




















# PHOTO FEATURE: Sakela Ubhauli 2025 (Mirik)



























Sakela Ubhauli 2025 (Mirik)










**Kiranti Khambu Rai Sanskritik Sansthan**

Central Committee, Darjeeling. Email: kkrss92@gmail.com URL: www.kkrss.org